नेपाल सरकार
# युवा, श्रम तथा रोजगार मन्त्रालय

## प्रेस विज्ञप्ति

मिति : २०८३।०३।१९
ने.स.११४६, दिल्लागा त्रयोदशी

श्रम क्षेत्रलाई मर्यादित एवम् व्यवस्थित बनाउदै देशमा उद्यमशीलता मार्फत रोजगारी प्रवर्द्धन एवम् बालश्रम निवारण गर्ने कार्यमा स्थानीय तहलाई प्रोत्साहन गर्ने उद्देश्यले मिति २०८३ साल आसार १८ गते बिहीबारका दिन यस मन्त्रालयको सभाहलमा मन्त्रालयका माननीय मन्त्री रामजी यादवज्यूको अध्यक्षतामा बालश्रममुक्त स्थानीय तह घोषणा भएका स्थानीय तहहरूलाई सम्मान, वैदेशिक रोजगारबाट फर्की नेपालमा उद्यम गरेका उद्यमीहरूलाई राष्ट्रिय पुरस्कार तथा सम्मान र प्रत्येक प्रदेशमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य क्षेत्रमा उत्कृष्ट अभ्यास गर्ने प्रतिष्ठानलाई सम्मान गर्ने कार्यक्रम सम्पन्न भयो।

हालसम्म बालश्रममुक्त स्थानीय तह घोषणा भएका चन्द्रागिरि नगरपालिका, काठमाडौं, बुद्धभूमि नगरपालिका, कपिलवस्तु, पनौती नगरपालिका, काभ्रेपलाञ्चोक, बाणगंगा नगरपालिका, कपिलबस्तु, सूर्योदय नगरपालिका, इलाम, रघुगंगा गाउँपालिका, म्याग्दी, त्रिवेणी गाउँपालिका, रोल्पा, म्याग्दे गाउँपालिका, तनहुँ, पौवादुङमा गाउँपालिका, भोजपुर, बरेङ गाउँपालिका, बाग्लुङ, विरुवा गाउँपालिका, स्याङ्जा, खार्पूनाथ गाउँपालिका, हुम्ला र फेदीखोला गाउँपालिका, स्याङ्जा गरी तेह्रवटा स्थानीय तहलाई ताम्रपत्र तथा दोसल्लाद्वारा सम्मान गरिएको।

वैदेशिक रोजगारबाट फर्की नेपालमा उद्यम गरेका उद्यमीहरूलाई राष्ट्रिय पुरस्कार तथा सम्मान वितरण अन्तर्गत प्रशंसा हनि फर्म लेटाङ न.पा.-४, मोरङका सञ्चालक श्री लोक बहादुर राईले रु.१,५०,०००/- रकम समेत उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार प्रदान गरियो भने मनिका एण्ड युनिका बंगुर फर्म, हल्दीबारी गा.पा.-२, झापाका सञ्चालक श्री मनिका राई, गहिल कुटानी पिसानी उद्योग, रुपनी गा.पा.-१, सप्तरीका सञ्चालक श्री देव लाल यादव, MG Agro Farm, हरिहरपुरगढी गा.पा.-४, सिन्धुली, एस.के. कृषि तथा पशुपंक्षी फर्म, विहादी गा.पा.-१, पर्वतका सञ्चालक श्री सिव कुमार क्षेत्री, दिपेश एण्ड विवेश कृषि तथा पशुपंक्षी फर्म, मालारानी गा.पा.-२, अर्घाखाँचीका सञ्चालक श्री दिनेश खत्री र न्यू कालिका अटो पार्टस, हिमाली गा.पा.-६, बाजुराका सञ्चालक श्री कर्मराज मल्ल गरी छ जनालाई रु.७५,०००/- रकमद्वारा पुरस्कृत गरिएको।

प्रत्येक प्रदेशमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य क्षेत्रमा उत्कृष्ट अभ्यास गर्ने प्रतिष्ठानलाई सम्मान वितरण अन्तर्गत नवजीवन अस्पताल प्रा.लि., धनगढी-४, कैलाली, अम्बे स्टिल लिमिटेड, मैनावती-६, रुपन्देही, होङ्सी शिवम् सिमेन्ट प्रा.लि., पूर्वी नवलपरासी, एशियन पेन्ट्स नेपाल प्रा.लि., हेटौंडा, मारुती सिमेन्ट लिमिटेड, सिरहा र मैनावती स्टिल इन्डस्ट्रीज लिमिटेड, दुहबी-२, सुनसरी गरी छ वटा प्रतिष्ठानलाई Token of Love र प्रमाण-पत्रद्वारा सम्मान गरिएको।

(पिताम्बर घिमिरे)
सहसचिव एवम् प्रवक्ता